# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८०

चलानी नं.: २३६६

मिति : २०७९/१२/२१

**विषय :** गाउसभाको निर्णय अनुसार जिम्मेवारी तोकीएको सम्बन्धमा ।

श्री उल्लेखीत पदाधिकारी ज्युहरु ( तल क, ख, का ) सवै
सिद्धलेक गाउपालिका धादिङ

प्रस्तुत विषय सम्बन्धमा गाउपालिकाको आन्तरीक आय ठेक्का अर्न्तगत नदीजन्य ढुङ्गा गिट्टी उत्खनन्, प्रचलीत कानुन तथा मापदण्ड अनुसार अनुमति दिईने नीजि जग्गा उत्खनन्, खानीजन्य पदार्थ उत्खनन्, विज्ञापन कर व्यवस्थापन,स्थानीय विकी तथा वातावरण प्रदुषणकर लगाएत निकाशी कर आदी लाई व्यबस्थित रुपमा सञ्चालन गरी राजश्व चुहावट नियन्त्रण गरी राजश्व वृद्धि गर्ने, चोरी तथा अवैध उत्खनन् रोक्न तथा जोखीम क्षेत्रको पहिचान गर्नको लागी स्थलगत रुपमा गई निरन्तर प्राविधिक पक्षको अनुगमन गरी गाउपालिका लाई निरन्तर प्रर्तिवेदन दिने, मुल्याङ्कन गर्ने, ( ढुङ्गा गिट्टी वालुवा उत्खनन् तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ५ को उपदफा २ समेतको आधारमा) साथै सो कार्यमा पुर्ण रुपमा जिम्मेवार वनाउने गरी तपशिल बमोजिमको अनुगमन तथा प्राविधिक समिति गठन गर्ने भनि गाउसभाको मिति २०७९।१२।१३ को वैठकको निर्णय कार्यन्वयन गर्नु गराउनुहुन सम्बन्धीत जिम्मेवार पदाधिकारी तथा कर्मचारी लाई यसै पत्र मार्फत जिम्मेवारी तोकीएको व्यहोरा जानकारी गराउदछु ।

२०७९/१२/२१

परशुराम खतिवडा
अध्यक्ष

परशुराम खतिवडा
अध्यक्ष

**तपशिल**

**(क) गाउपालिका स्तरीय प्राविधिक समिति तर्फ**

१, वन वातावराण तथा विपद व्यवस्थापन समितिका संयोजकः– संयोजक

२, प्राविधिक तथा वातावरण शाखा प्रमुख :– सदस्य

३, सम्बन्धित वडाको प्राविधिक :– सदस्य

४, स्थानीय प्रहरी प्रमुख : – सदस्य

५, अमिन : – सदस्य

६, राजश्व शाखा प्रमुख :– सदस्य सचिव



Scanned with CamScanner

**(ख) वडा स्तरीय प्राविधिक समिति तर्फ**

१, सम्बन्धित वडाको वडा अध्यक्ष :– संयोजक

२, वडा प्राविधिक :– सदस्य

३, वडा सचिव :–सदस्य सचिव

**वोधार्थ**

१, श्री वडा कार्यलय १ देखी ७ सवै सिद्धलेक गाउपालिका धादिङ ( जानकारी तथा कार्यन्वयनको लागी )

२, श्री राजश्व शाखा/ वातावरण शाखा/अमिन शाखा/प्राविधिक शाखा, सिद्धलेक गाउपालिका धादिङ ( जानकारी तथा कार्यन्वयनको लागी )

३, श्री सुचना प्रविधि शाखा सिद्धलेक गाउपालिका धादिङ ( वेभसाइटमा राखिदिनुहुन तथा वडा लाई मेल गरिदिनुहुन )

परशुराम खतिवडा
अध्यक्ष



Scanned with CamScanner